# बारागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# खोपवा, बारा

**पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७**

गाउँ कार्यपालिकाबाट स्विकृत मितिः २०७७/१०/१९

प्रमाणित मितिः २०७७/१०/२०

प्रस्तावनाः पशुपालन व्यवसाय कृषकहरुको जिविकोपार्जनको एक माध्यम हो । यस व्यवसायमा उत्पादकत्व बढी भएका पशु नश्लको प्रवेश गराई स्थानिय पशु नश्लको सुधार गरी उन्नत तथा वर्णशंकर जातका पशुहरुको विकास गर्न, समय समयमा फैलने विभिन्न थरीका रोगहरुको रोकथाम तथा उपचार गर्न, गुणस्तरीय पशुजन्य पदार्थहरुको उत्पादन गरी यसको बजारीकरण गर्न, नयाँ तथा विकसित घाँसहरुको दिगो खेती प्रणालीको विकास गरी घाँसमा आधारित पशुपालन व्यवसायको अवलम्वन गर्दै उत्पादन लागतमा कमी ल्याई यस व्यवसायलाई अन्य गैर पशुपालन व्यवसाय सरह प्रतिस्पर्धी, संगठित तथा संस्थागत रुपमा अग्रणी व्यवसायका रुपमा विकास गर्न र मानव समुदायको पौष्टिक तत्वयुक्त भोजन तथा स्वास्थ्यका दृष्टिकाणबाट समेत पशुजन्य पदार्थको उत्पादन, बिक्री वितरण तथा व्यवस्थापन गर्ने सम्बन्धमा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि, २०७७ तयार गरी लागु गरिएको छ ।

## परिच्छेदरु १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नामः बारागढी गाउँपालिका पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ रहेको छ ।

(ख) यो कार्यविधि बारागढी गाउँपालिका भर लागु हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) गाउँपालिका भन्नाले नेपालको संविधान बमोजिम गठित बारागढी गाउँपालिका सम्झनु पर्दछ।

(२) कार्यपालिका भन्नाले बारागढी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(३) प्रमुख भन्नाले बारागढी गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(४) प्रमुख प्रशाकिय अधिकृत भन्नाले बारागढी गाउँपालिकाको प्रमुख प्रशाकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(५) पशु सेवा शाखा भन्नाले बारागढी गाउँपालिकाको मातहतमा रहेको पशु सेवा हेर्ने शाखालाई सम्झनु पर्दछ ।

(६) शाखा प्रमुख भन्नाले बारागढी गाउँपालिकाको पशु सेवा शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

(७) सेवा केन्द्र भन्नाले बारागढी गाउँपालिकाको पशु सेवा शाखा मातहतमा रहेका कार्यालय सम्झनु पर्दछ ।

(८) मन्त्रालय भन्नाले नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सम्झनु पर्दछ ।

(९) आनुवांशिक भन्नाले वंशानुगत गुण रहेको कुनै पनि प्रकारका घरपालुवा पशुपंक्षीको पूर्ण वा आंसशक भाग वा सोको कियात्मक इकाइलाई सम्झनु पर्दछ ।

(१०) आनुवांशिक स्रोत भन्नाले विशेष रुपमा खाद्यपोषण तथा कृषिका लागि वास्तविक तथा संभावित रुपमा उपयोग हुने स्थानिय पशुपंक्षीका आनुवांशिक स्रोतलाई सम्झनु पर्दछ ।

(११) जैविक विविधता भन्नाले कुनै प्रकारका घरपालुवा पशुपंक्षीका प्रकार तथा तिनीहरुका बीचका भिन्नता र अन्तरसम्बन्धलाई सम्झनु पर्दछ । सो शब्दले आनुवांशिक विविधता, प्रजातिय विविधता र पारिस्थितिकीय प्रणालीका विविधता समेतलाई जनाउँदछ । यो शब्दले घरपालुवा पशुपंक्षीका जैविक विविधतामा प्रभाव पार्ने सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षहरुलाई सम्झनु पर्दछ ।

(१२) आथिर्क विकास समिति भन्नाले बारागढी गाउँपालिकाका आर्थिक विकास समितिलाई जनाउँछ ।

(१३) समूह भन्नाले व्यवसायिक रुपमा पशुपालन गर्नको लागि गठन भएका १५ देखि २५ जना सम्मको कृषकहरुको समूहलाई बुझाउनेछ।

(१४) पशु भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावरलाई सम्झनु पर्दछ र सो शब्दले पंक्षी र माछालाई समेत जनाउँदछ ।

(१५) पशुजन्य पदार्थ भन्नाले पशुको मासु, रगत, बोसो,दुध, फुल, हाड, छाला, सिंग, खुर, प्वांख, उन, भुत्ला, रौं, भ्रुण, वीर्य, पित्त, मलमुत्र वा सोबाट बनाइएको अप्रशोधित वस्तु सम्झनु पर्दछ।

(१६) जैविक पदार्थ भन्नाले पशु विकास वा पशु स्वास्थ्यका लागि प्रयोग गरिने जीवाणु वा विषाणुयुक्त औषधी वा खोप वा जैविक रसायन सम्झनु पर्दछ ।

(१७) संक्रामक रोग भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को अनुसुचीमा उल्लेखित रोगहरु र नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकेका अन्य रोगहरुलाई समेत जनाउँदछ ।

(१८) भेटेरिनरी निरीक्षक भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २५ बमोजिम नियुक्त गरिएको वा तोकिएको अधिकृत सम्झनु पर्दछ ।

(१९) कार्यक्रम भन्नाले बारागढी गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत वार्षिक पशु सेवा शाखाको कार्यक्रमलाई जनाउँदछ ।

## परिच्छेद-२

२. बारागढी गाउँपालिकाका पशु सेवा शाखा अन्तर्गत सञ्चालित कार्यक्रमहरु

### २.१ ७५% अनुदानमा बोयर बोका वितरण कार्यक्रम

**परिचय**

हाल बारागढी गाउँपालिकामा दिनानुदिन खसी बोकाका मासुको माग बढिरहेको सन्दर्भमा मासुको मागको पूर्ति विद्यमान रहेको खसी, बोका र बाख्राका नश्लबाट पूरा गर्न चुनौती रहेको परिप्रेक्षमा खसी बोकाको मासुको माग पूर्ति गर्नका लागि स्थानियस्तरमा रहेका बाख्रामा नश्ल सुधार गरी व्यापक रुपमा उच्च शारिरीक तौल भएका खसी बोका तयार गरी माग अनुसारको मासु पुरा गर्नको लागि यो कार्यविधि तयार गरिएको छ ।

**उद्देश्य**

१. बारागढी गाउँपालिका भित्र रहेका स्थानिय बाख्राको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउने ।

२. बाख्रापालनमा व्यवसायलाई आधुनिकीकरण व्यवसायिकरण गर्ने ।

३. बाख्रापालन व्यवसायलाई अन्य व्यवसायसंग प्रतिस्पर्धी बनाउने ।

४. दीर्घकालमा उन्नत नश्लका बाख्राको स्रोतकेन्द्र स्थापना गर्ने ।

५. बाख्रापालन व्यवसायलाई बजारीकरणमा प्रोत्साहन गर्न ।

**कार्यविधि**

१. सहकार्यमा बोका खरिद तथा वितरणका लागि बाख्रा फर्म र समूह/सहकारीहरुबाट निवेदन माग गरी बोका प्राप्त गर्ने बाख्रा फर्म र समूह/सहकारीहरु छनौट गर्ने र छनौटका आधारहरु यस प्रकार रहने छन् र बाख्रा फर्म, समुह तथा सहकारी दर्ता भएको हुनुपर्नेछ ।

क) बाख्रा फर्ममा कम्तिमा ३० गोटा माउ बाख्रा पालेको र समूह/ सहकारीमा १०० गोटा माउ बाख्रा भएकोलाई अंकभार ३०

ख) डाले घाँस तथा भुइं घाँस प्रशस्त रुपमा आहाराको व्यवस्था भएकोलाई अंकभार ३०

ग) छरछिमेकमा प्रजनन सेवा दिन उपलब्ध हुने बाख्रा संख्यालाई अंकभार ३०

घ) पशुपालन सम्बन्धी तालिम, अनुभव र शैक्षिक योग्यता भएकोलाई अंकभार १०

**२. मुल्याङ्कन समिति**

(१) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

(२) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(३) प्रशासन शाखा प्रमुख - सदस्य

(४) जिन्सी शाखा प्रमुख -सदस्य

(५) पशु सेवा शाखा प्रमुख -सदस्य सचिव

मुल्याङ्कन समितिबाट छनौट भए पश्चात आर्थिक विकास समितिबाट अनुमोदन गराउने र छनौट भएका फर्म, समुह/सहकारीलाई बोका उपलब्ध गराउने ।

३. सरकारी फर्महरुबाट ७५% का बोका उपलब्ध गराउन कृषि अनुसन्धान केन्द्र, बाखा विकास फर्महरुमा आधिकारिक पत्रमार्फत अनुरोध गर्ने र उपलब्ध भएमा सोही कार्यालयबाट खरिद गरी वितरण गर्ने अन्यथा कृषक समूह, सहकारी वा निजी फर्मबाट खरिद गरी वितरण गर्ने।

४. बाखा फार्म, समूह, सहकारीबाट बोका खरिद गर्दा बोकाको मापदण्डहरु तपसिल अनुसारको हुनुपर्ने छ ।

- बोयर बोकाको प्रतिशत कम्तिमा ७५% हुनुपर्ने ।
- फार्मको रेकर्डको आधारमा ७५% लाई लिने ।
- उमेर : ३ महिना कम्तिमा ।
- तौल : २५ किलो ।
- पूर्ण विकसित अण्डकोष भएको ।
- शरीरमा कुनै किसिमको विकृती र रोग नभएको ।
- जातीय शुद्धता, जातीय गुण अनुसारको रंग, बनावट र शारीरीक वृद्धि भएको ।

५. बोका खरीद गरिने फर्म, समूह, समिति र सहकारीको खोजी गर्ने र रेकर्ड राखिएको हुनुपर्ने छ र ती पशुपालन फर्म, समूह र सहकारीहरुबाट दररेट माग गर्ने ।

६. लागत सहभागिता बापतको रकम छनौट भएका कृषकहरुबाट गाउँपालिकाको बैंक संचित खातामा जम्मा गर्ने ।

७. तोकिएको मापदण्डको बोका उपलब्ध भएमा बोका खरिद गरी कार्यालयले फर्मको नाममा भुक्तानी दिने ।

८. खरिद बखत स्वस्थताको प्रमाणपत्र र बीमा गराई वितरण गर्ने । वितरण गर्दा बोकापालक कृषकसंग शर्त र सम्झौता गराई वार्ड प्रतिनिधीको रोहवरमा वितरण गर्ने ।

९. बोका प्राप्त गर्ने कृषकले मासिक प्रजनन रेकर्ड राखी नियमित रुपमा पशु सेवा केन्द्र मार्फत वा सिधै पशु सेवा शाखा, खोपवामा पेश गर्ने ।

## अनुसुची - १

## ७५% अनुदानमा बोयर बोका वितरण कार्यक्रममा सहभागी हुन दिइने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,                                        मिति

बारागढी गाउँपालिका,

गाउँपालिकाको कार्यालय, खोपवा, बारा ।

विषय : सहकार्यमा बोयर बोका उपलब्ध गराई दिनुहुन बारे ।

प्रस्तुत विषयमा यस बारागढी गाउँपालिकाको कार्यालयबाट मिति....................................मा प्रकाशित सार्वजनिक सुचना बमोजिम मेरो/हाम्रो बाखा फार्म/समूह/सहकारीमा ..................को संख्यामा माउ बाखा रहेको, भुई घाँस .....................कामा, डाले घाँस ................ कामा लगाएकोले मलाईं/हामीलाई उक्त कार्यक्रममा सहभागी गराउनु हुन तपसिल अनुसारको कागजात सहित अनुरोध छ ।

तपसिल

१. संक्षिप्त कार्ययोजना

२. सम्बन्धित निकायमा फार्म/समुह/समिति/सहकारी दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी र पान नं. को प्रतिलिपी

३. समूह/सहकारीको कार्यसमितिको निर्णयको प्रतिलिपी

४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणको प्रतिलिपी

५. तालिम, शैक्षिक योग्यता, अनुभव तथा जग्गा भाडा सम्झौताहरु

६. छनोट भएमा सहकार्यमा कार्यान्वयन गर्ने प्रतिबद्धता

७. सम्बन्धित वडाको सिफारिस

निवेदक

दस्तखत :

नाम :

व्यक्ति वा संस्था :

ठेगाना :

मोबाइल नं. :

## बोका प्राप्त गर्ने कृषकसंग गरिने सम्झौता

बोयर बोका मार्फत प्रजनन गराई नश्ल सुधार गर्ने उद्देश्य राखी बोका उपलब्ध गराउने बारागढी गाउँपालिका पशु सेवा शाखा, खोपवा यसपछि प्रथम पक्ष भनिने छ र बारागढी गाउँपालिका वार्ड नं.........का ........................................बाखापालक फर्म/समूह/सहकारी यस पछि द्वितिय पक्ष भनिने बीच ................................बोका पालनपोषण तथा बोकाको सेवाको विषयमा तपसिल अनुसार सहमती गरी १/१ प्रति लियौं/दियौं ।

**तपसिल**

१. सहकार्यमा बोका खरिद तथा वितरण कार्यक्रम भएको हुँदा परल मूल्यको २५% मूल्य सम्बन्धित बाखा फर्म/समूह/सहकारीले व्यहोर्नु पर्नेछ ।

२. द्वितिय पक्षले बोकालाई उमेर, सेवाको तिव्रता अनुसार सन्तुलित दाना तथा घाँसहरु आवश्यकता अनुसार खुवाउनु पर्नेछ ।

३. द्वितिय पक्षले बोका प्राप्त गरेको १ हप्ताभित्र बीमा गराउनु पर्नेछ।

४. द्वितिय पक्षले पिपिआर खोप लगायत खोप लगाउनु पर्नेछ र प्रथम पक्षले खोप उपलब्ध गराउन सहजिकरण गर्नु पर्नेछ ।

५. द्वितिय पक्षले आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण तथा रोग लागेमा उपचार गराउनु पर्नेछ र समस्या परेमा पशु सेवा शाखा तथा पशु सेवा केन्द्र संग सम्पर्क गरी उपचार गराउनु पर्नेछ।

६. द्वितिय पक्षले कुनै कारणवश बोकाको मृत्यु भएमा बीमाबाट प्राप्त रकमबाट पुनः सोही गुणस्तर को बोका खरिद गर्नु पर्नेछ ।

७. द्वितिय पक्षले एउटै खोरमा सटेको अलग कोठामा कम्तिमा ५ वर्गमिटर क्षेत्रफल भएको खोर कोठामा पाल्नु पर्नेछ ।

८. यस विषयमा विवाद भएमा आपसी समझदारी सहमतीमा टुंगाइनेछ।

९. द्वितिय पक्षले नातामा प्रजनन कार्यलाई रोक्न बोकाले सेवा दिन थालेको १५ महिनामा बोका साट्नु पर्नेछ ।

| प्रथम पक्षको तर्फबाट | रोहवर | द्वितिय पक्षको तर्फबाट |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| संस्था : | संस्था : | संस्था : |
| पद : | पद : | पद : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : |

प्रमाणिकरण मितिः २०७८/१०/२० गते

**आज्ञाले**
आमोद चौधरी
प्रमुख प्रशासकीय अधिकृत